इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०।०२।०५

## भाग-२

इच्छाकामना गाउँपालिका

## एक विद्यालय एक करेसाबारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

# एक विद्यालय एक करेसाबारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

स्वीकृत मितिः—२०८०।०२।०५

**प्रस्तावना**

बहुक्षेत्रिय पोषण कार्यक्रम २०७९ ले निर्देशित गरेअनुसार कृषि तथा पोषण कार्यक्रम मार्फत् सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुको पोषणमा सुधार ल्याइ विद्यालयमै उत्पादित पोषणयुक्त खानेकुराको व्यवस्थापनका लागि शिक्षण संस्था मार्फत् "एक विद्यालय एक करेसाबारी कार्यक्रम" लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यविधि बनाईएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "एक विद्यालय एक करेसाबारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" रहेको छ ।

२) यो कार्यविधि इच्छाकामना गाउँकार्यपालिका बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क)"एक विद्यालय एक करेसाबारी कार्यक्रम" भन्नाले पोषण तथा कृषि सम्बन्धि काम गर्नका लागि गाउँपालिका भित्रका तोकिएका सार्वजनिक विद्यालयहरुमा तरकारी/फलफुल खेति गर्नका लागि बनाइएका करेसाबारी सम्झनु पर्दछ ।

ख)"सार्वजनिक विद्यालय" भन्नाले सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्दछ।

ग)"शिक्षण संस्था" भन्नाले एक विद्यालय एक करेसाबारी कार्यक्रम लागू भएका शिक्षण संस्था सम्झनु पर्दछ

घ)"विद्यार्थी कृषि क्लब" भन्नाले एक विद्यालय एक करेसाबारी कार्यक्रम संचालनका लागि गठन गरिएको विद्यार्थीहरुको कृषि क्लब सम्झनु पर्दछ ।

ङ)"करेसाबारी कोष" भन्नाले एक विद्यालय एक करेसाबारी कार्यक्रम लागू भएका विद्यालयमा करेसाबारी निमार्णका लागि स्थापित बिउँ पुजी कोष सम्झनु पर्दछ

च)"एक विद्यालय एक करेसाबारी सञ्चालक समिति" भन्नाले करेसाबारी निर्माणका लागि गठित वडास्तरीय समितिलाई सम्झनु पर्दछ।

छ)"संरक्षक समिति" भन्नाले एक विद्यालय एक करेसाबारी कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

ज)"साझेदार संस्था" भन्नाले एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

झ)"पूर्व विद्यार्थी मञ्च" भन्नाले विगतमा सम्बन्धित विद्यालयमा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

ञ)"विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको ब्यक्ति सम्झनुपर्दछ।

ट)"विद्यार्थी कल्याणका कार्यक्रम भन्नाले" विद्यार्थीको शिक्षण उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

ठ)"प्राविधिक तथा व्यावसायिक धार भन्नाले" विद्यालय तहमा (कक्षा ९-१२ ) प्राविधिक तथा व्यावसायिक शिक्षा लागु भएका विद्यालय सम्झनु पर्छ ।

ड)"सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा भन्नाले" प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट स्वीकृति लिई सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ ।

ढ)"नमूना विद्यालय भन्नाले" शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट नमुना विकासका लागि छनौट गरेका विद्यालय सम्झनु पर्छ ।

## परिच्छेद—२
## उद्देश्य र लक्षित संस्था

३. उद्देश्यहरुः

क) शिक्षण संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।

ख) शिक्षण संस्थालाई कृषि पोषण तथा सिप सिकाई स्थलको रुपमा बिकास गर्ने ।

ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा करेसाबारीशीलता विकास गरी शिक्षण रुपान्तरण गर्ने ।

घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने ।

४. लक्षित शिक्षण संस्थाः

गाउँपालिका भित्रका प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागू भएका वा नमूना सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शिक्षण संस्था हुनेछन्।

५. करेसाबारी निर्माण क्षेत्रः

शिक्षण संस्थाले करेसाबारी गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन्।

क) तरकारी खेति लगायतका कृषि तथा पशुपञ्छिमा आधारित करेसाबारी

६. विद्यार्थी करेसाबारी व्यवस्थापन क्लब :

६.१.एक विद्यालय एक करेसाबारी कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा माथिल्ला ३ वटा कक्षामा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ६ जना विद्यार्थी सम्मिलित ९ सदस्यीय विद्यार्थी करेसाबारी व्यवस्थापन क्लब रहनेछ ।

६.१.२ विद्यार्थी कृषि क्लबको काम, कर्तव्य अधिकार देहाए बमोजिम हुनेछ ।

क) एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन, रेखदेख र ब्यवस्थापन गर्ने ।

ख) एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरुसँग सहकार्य,समन्वय,साझेदारी गर्ने ।

ग) एक विद्यालय एक करेसाबारी कार्यक्रमको लागि उपयुक्त तरकारी बाली तथा कृषि कर्म छनौट गर्ने ।

घ) एक विद्यालय एक करेसाबारी कार्यक्रमको कार्ययोजना बनाई लागू गर्ने ।

ङ) एक विद्यालय एक करेसाबारी कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने ।

च) कम्तीमा बर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित करेसाबारीको विषयमा अभिमुखीकरण गर्ने।

छ) करेसाबारी कोषबाट थप कृषि उपजको विस्तार, कृषि तथा उपजको विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

## परिच्छेद—३

## करेसाबारि कोष संचालन र संरक्षक समिति

७. करेसाबारी कोषको सञ्चालन : एक विद्यालय एक करेसाबारी कार्यक्रम लागू भएका विद्यालयमा करेसाबारी निर्माणका लागि स्थापित करेसाबारी कोष रहनेछ । कोष स्थापनाका लागि "क" वर्गको बाणिज्य बैकमा खाता खोलि रकम जम्मा गर्नुपर्नेछ । उक्त कोष सञ्चालन गर्नको लागि देहायबमोजिम करेसाबारी कोष सञ्चालक समिति रहनेछ ।

क) विद्यालयको प्रध्यानाध्यापक —अध्यक्ष

ख) विद्यार्थी कृषि क्लबका अध्यक्ष —सदस्य

ग) विद्यालयको लेखा हेर्ने कर्मचारी· —सदस्य सचिव

७.१ करेसाबारी कोषसञ्चालक समितिको काम कर्तव्य अधिकार बमोजिम हुनेछ ।

क) करेसाबारी कोषसञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।

ख) करेसाबारी कोषको विस्तार, संरक्षण, संवर्द्धन गर्ने ।

ग) करेसाबारी कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।

घ) अन्य आवश्यक कामहरु गर्ने गराउने

७.२ करेसाबारी कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

क) विद्यार्थीका अभिभावकहरुबाट करेसाबारी निर्माणका लागि चन्दाका रुपमा संकलित रकम।

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान।

ग) इच्छाकामना गाउँपालिकाबाट प्राप्त रकम।

घ) करेसाबारीमा उत्पादित कृषि उपज बिक्रि बाट प्राप्त आम्दानी।

ङ) पूर्व विद्यार्थी मञ्चबाट करेसाबारी निर्माणार्थ स्वेच्छिक रुपमा प्राप्त रकम।

च) अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम।

७.३ करेसाबारी कोषबाट देहायनुसार खर्च गर्न सकिनेछ। करेसाबारी कोषको सम्पूर्ण आम्दानी करेसाबारी सञ्चालन, विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ । पहिलो पटक गाउँपालिकाबाट प्राप्त रकम बिउँ पुजीको रुपमा प्रयोग गर्दै जानुपर्नेछ ।

८. संरक्षक समितिको गठनः (१) एक विद्यालय एक करेसाबारी कार्यक्रमको संरक्षकका रुपमा वडास्तरमा देहाय बमोजिम एक संरक्षक समिति रहनेछः

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष —अध्यक्ष

ख) विद्यालय रहेको वडाको वडाध्यक्ष —सदस्य

ग) वडा भित्र रहेको सबैभन्दा माथिल्लो कक्षा सञ्चालित विद्यालयको प्रध्यानाध्यापक —सदस्य सचिव

८.२ संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखीकरण गरी करेसाबारी कोषमा रकम जुटाउने

ख) वडाभरका सबै एक विद्यालय एक करेसाबारी कार्यक्रम लागु भएका विद्यालयलाई आवश्यक पर्ने सहयोग जुटाउने।

ग) विद्यार्थी कृषि क्लवलाई करेसाबारी सञ्चालनका निम्ति सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने

घ) एक विद्यालय एक करेसाबारी कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा करेसाबारी प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

## परिच्छेद—४
## शिक्षण संस्था छनौट

९. शिक्षण संस्था छनौटका आधारहरू : (१) दफा ६ मा उल्लेखित करेसाबारी क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रमा करेसाबारी गर्न इच्छुक शिक्षण संस्थालाई करेसाबारी सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएको छ ।

| क्र.स. | छनौटका आधारहरु | १०० अंक |
|---|---|---|
| १ | करेसाबारी परियोजना प्रस्ताव | ४० |
| २ | करेसाबारी कोष स्थापना भएको | १० |
| ३ | भौतिक पूर्वाधार जस्तै पानी, विद्यालयको आफ्नै स्वामित्वमा रहेको खेतियोग्य जग्गा | ३० |
| ४ | बिद्यार्थी कृषि क्लवको गठनभएको | ५ |
| ५ | पूर्व विद्यार्थी मञ्च गठन भएको | ५ |
| ६ | सम्बन्धित वडाको सिफारिस | ५ |
| ७ | विद्यालय व्यवस्थापनसमितिको प्रतिवद्धता | ५ |

१०.सूचना प्रकाशनः (१) एक विद्यालय एक करेसाबारी कार्यक्रममा सहभागिताका लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट इच्छुक शिक्षण संस्थाहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ

१०.२ उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरूले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र व्यावसायिक परियोजना प्रस्ताव पेश गर्नुपर्नेछ ।

१०.३ शिक्षण संस्था छनौट समितिः इच्छाकामना गाउँपालिकामा प्राप्त भएका प्रस्ताव र व्यवसायिक योजना मूल्याङ्कन गरी छनौट गर्न देहाय बमोजिमको शिक्षण संस्था छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | —अध्यक्ष |
| ख) संयोजक, सामाजिक विकास समिति | —सदस्य |
| ग) शाखा प्रमुख, कृषि शाखा | —सदस्य |
| घ) शाखा प्रमुख, पशु शाखा | —सदस्य |
| ङ) शिक्षा अधिकृत, युवा तथा खेलकुद मन्त्रालय | —सदस्य सचिव |

१०.४ शिक्षण संस्था छनौट समितिले आवश्यकतानुसार बढीमा २ जनालाई आमन्त्रण गर्न सक्नेछ ।

१०.५ शिक्षण संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि र छनौट सम्बन्धी आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०.६ विद्यालय छनौट समितिले प्राप्त करेसाबारी परियोजना प्रस्ताव उपर छानविन तथा आवश्यकतानुसार विद्यालयरुको स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

## परिच्छेद—५
## सम्झौता सम्बन्धी व्यवस्था

११. करेसाबारी सम्झौताः (१) शिक्षण संस्था छनौट समितिबाट छनौट भएका शिक्षण संस्था र शिक्षा युवा तथा खेलकुद शाखा बिच तोकिए बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरिनेछ ।

११. २ सम्झौताको तीन प्रति हुनेछ । एक प्रति सम्बन्धित विद्यालयलाई, एक प्रति सम्बन्धित वडा कार्यालयमा ,एक प्रति शिक्षा युवा तथा खेलकुद शाखाराख्नुपर्नेछ ।

१२. बिउ पुजी सम्बन्धि व्यवस्था : इच्छाकामना गाउपालिका द्धारा प्रदान गरिने बिउँ पुजी प्राप्त भएको पहिलो वर्षमा २५ प्रतिशत मात्र रकम खर्च गर्ने तथा उक्त खर्च भएको रकम २ वर्ष भित्र सोध भर्ना गरि ।

१३. प्रतिवेदनः (१) शिक्षण संस्थाले एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित वडा कार्यालय तथा शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ । त्यसपछि चौमासिक रुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

१६. अनुगमन तथा मूल्याङ्कनः (१) एक विद्यालय एक करेसाबारी कार्यक्रमको अनुगमन सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित वडाबाट समेत गरिनेछ। यसको अभिलेख विद्यार्थी कृषि क्लबले राख्नुपर्नेछ ।

१६.२ आवश्यकता अनुसार प्रदेश सरकार र केन्द्रिय निकाय तथा सरोकारवाला पक्षबाट पनि कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन निरीक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरू लिन सक्ने छ ।

१७. पुरस्कारः शिक्षा युवा तथा खेलकुद शाखालेएक विद्यालय एक करेसाबारी कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हाँसिल गर्ने शिक्षण संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

क) अधिकतम रोजगार सिर्जनाको अवस्था,
ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग,
ग) निर्यातमा वृद्धि र आयात प्रतिस्थापनमा पुर्याएको,
घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर,
ङ) करेसाबारी मार्फत् नवप्रवर्द्धन तथा करेसाबारीशीलता विकास,
च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,
छ) करेसाबारी कोषमा भएको बृद्धिको अवस्था,
ज) कार्ययोजना अनुसार कार्य सम्पादन ।

१८. दण्ड सजायः (१) एक विद्यालय एक करेसाबारी कार्यक्रममा छनौट भएको शिक्षण संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता विद्यालयलाई शिक्षा युवा तथा खेलकुद शाखाबाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागि गराईने छैन ।

१८.२ विद्यालयसँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरीय कार्य सम्पन्न नगरेमा तथा इच्छाकामना गाउँपालिकाबाट दिइएको वजेट हिनामिना गरेमा उक्त विद्यालयवाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

## परिच्छद ६

## विविध

१९.सहयोग गर्नु पर्नेः यस कार्यविधि बमोजिम एक विद्यालय एक करेसाबारी कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

२०. निर्देशनको पालनाःसंघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

२१.कार्यविधि संसोधन गर्न सक्नेः आवश्यकता अनुसार इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाले कार्यविधि संशोधन गर्न सकिनेछ ।

२१.वाधा अड्काउ फुकाउने : यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन स

अनुसूची — १

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

इच्छाकामना गाउँपालिका

चितवन

**एक विद्यालय एक करेसाबारी कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरूको लागि निवेदन**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू

इच्छाकामना गाउँपालिका, कुरीनटार चितवन ।

महोदय,

तहाँ कार्यालयको मिति..............मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयमा "एक विद्यालय एक करेसाबारी कार्यक्रम" सञ्चालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. विद्यालयको नाम र ठेगानाः

२. प्राविधिक तथा व्यावसायिक धार / शिक्षा भए विषय र नमुना विकासको लागि छनौट भएको मिति :

३. प्रधानाध्यापकको नाम र सम्पर्क नंः

४. विद्यार्थी कृषि क्लबका अध्यक्षको नाम र सम्पर्क नंः

५. करेसाबारी गर्न चाहेको जग्गाको क्षेत्रफलः

६. कक्षागत विद्यार्थी विवरण (कक्षा ९-१२):

७. जग्गा सम्बन्धी विवरणः

क. विद्यालयको हकभोग प्राप्तः घेराबारको अवस्था :

ख. विद्यालयको नाममा रहेकोः सिंचाइको अवस्था :

ग. वर्तमानमा उपयोगको अवस्थाः

८. भौतिक पूर्वाधार सम्बन्धी विवरणः

क. कक्षाकोठा संख्याः ख. कक्षाकोठा उपयोगको अवस्थाः

ग. प्रयोगशालाको अवस्थाः घ. पानी विजुलीको उपलब्धता

ङ. उपलब्ध अन्य साधन स्रोतको विवरणः

९. करेसाबारी कोष सम्बन्धी विवरणः

क. कोष रहेको बैंकको नामः

ख. कोष सञ्चालकहरूको नामः ग. खाता नंः

१०. विद्यार्थी कृषि क्लब अध्यक्षको नामः

नोटः व्यावसायिक परियोजना प्रस्ताव अलग्गै पेश गर्नु पर्नेछ।

आज्ञाले

जगत प्रसाद भुसाल

प्रमुख प्रशासकिय अधिकृत